# भाग ४

## श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले २०४७ साल वैशाख १ गतेदेखि ऐ चैत्र मसान्तसम्म एक वर्षभरिमा मन्त्रालय, विभाग, कार्यालय एवं अदालतहरूलाई देहायबमोजिमको सार्वजनिक एवं पर्व बिदाहरू दिने निर्णय गरेको छ ।

| १. वर्षभरिमा शनिबार दिनहरू: | जम्मा ५३ (त्रिपन्न) |
|---|---|
| (क) वैशाख १,८,१५, २२ र २९ गते | ५ (पाँच) दिन |
| (ख) ज्येष्ठ ५, १२, १९ र २६ गते | ४ (चार) दिन |
| (ग) आषाढ २, ९, १६, २३ र ३० गते | ५ (पाँच) दिन |
| (घ) श्रावण ६, १३, २० र २७ गते | ४ (चार) दिन |
| (ङ) भाद्र २, ९ १६, २३ र ३० गते | ५ (पाँच) दिन |
| (च) आश्विन ६, १३, २० र २७ गते | ४ (चार) दिन |
| (छ) कार्तिक ३, १०, १७ र २४ गते | ४ (चार) दिन |
| (ज) मार्ग १, ८, १५, २२ र २९ गते | ५ (पाँच) दिन |
| (झ) पौष ७, १४, २१ र २८ गते | ४ (चार) दिन |
| (ञ) माघ ५, १२, १९ र २६ गते | ४ (चार) दिन |
| (ट) फाल्गुण ४, ११, १८ र २५ गते | ४ (चार) दिन |
| (ठ) चैत्र २, ९, १६, २३ र ३० गते | ५ (पाँच) दिन |

२. पर्व बिदाहरू :

(क) नववर्ष वैशाख १ गते शनिबार– एक दिन (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(ख) मातातीर्थ औंसी (माता दिवस)– वैशाख १२ गते बुधबार– एक दिन ।

(ग) गुरुपूर्णिमा (गुरुपूजा दिवस)– आषाढ २३ गते शनिबार– एक दिन । (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(घ) ऋषि तर्पणी (रक्षा बन्धन)– श्रावण ११ गते बिहीबार– एक दिन ।

(ङ) कुशे औंसी (पिता दिवस)– भाद्र ४ गते सोमबार– एक दिन ।

(च) वसन्त पञ्चमी– माघ ७ गते सोमबार– एक दिन ।

(छ) महाशिवरात्रि– माघ २९ गते मङ्गलबार– एक दिन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८८

(ज) फागु पूर्णिमा– फाल्गुण १६ गते बिहीबार– एक दिन ।

(झ) चैत्र दशैं– चैत्र ९ गते शनिबार– एक दिन ।
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(ञ) रामनवमी– चैत्र १० गते आइतबार– एक दिन ।

३. महिला कर्मचारीहरूको लागि मात्र :

(क) हरितालिका (तीज)– भाद्र ७ गते बिहीबार– एक दिन ।

(ख) ऋषि पञ्चमी– भाद्र ९ गते शनिबार– एक दिन ।
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(ग) नारी दिवस– फाल्गुण २४ गते शुक्रबार– आधा दिन ।

४. जात्रा बिदा (उपत्यकालाई मात्र):

(क) गाईजात्रा– श्रावण २३ गते मङ्गलबार– एक दिन ।

(ख) इन्द्रजात्रा– भाद्र १९ गते मङ्गलबार– एक दिन ।

(ग) घोडेजात्रा– चैत्र १ गते शुक्रबार– एक दिन ।

(घ) मच्छिन्द्रनाथको भोटो देखाउने दिन– एक दिन ।

५. दशैं बिदा:

(क) घटस्थापना– आश्विन ३ गते बुधबार– एक दिन ।

(ख) त्यसपछि आश्विन १० गते बुधबारदेखि आश्विन १७ गते बुधबारसम्म– आठ दिन ।
(फूलपातीदेखि कोजाग्रत पूर्णिमासम्म)

६. तिहार बिदा :

(क) लक्ष्मीपूजा– कार्तिक १ गते बिहीबार– एक दिन ।

(ख) गोवर्धनपूजा– कार्तिक २ गते शुक्रबार– एक दिन ।

(ग) भाइटीका– कार्तिक ३ गते शनिबार– एक दिन । (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

७. दिवस बिदा:

(क) संयुक्त राष्ट्रसङ्घ दिवस– कार्तिक ७ गते बुधबार तदनुसार २४ अक्टोबर १९९०– (आधा दिन)

(ख) शहीद दिवस– माघ १६ गते बुधबार– आधा दिन मात्र ।

८. श्री ५ महाराजाधिराज सरकार बिदेशमा राजकीय भ्रमणमा सवारी होइबक्सँदा र फिर्ती सवारी होइबक्सँदा अधिराज्यभर बिदा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८८

९. शुभजन्मोत्सव बिदाः

(क) श्री ५ महाराजाधिराज सरकारको शुभजन्मोत्सव–पौष १४ गते शनिबार–एक दिन। (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(ख) श्री ५ बडामहारानी सरकारको शुभजन्मोत्सव– कार्तिक २२ गते बिहीबार– एक दिन।

१०. शुभजयन्ती बिदा :

(क) बुद्ध जयन्ती– वैशाख २६ गते बुधबार– एक दिन।

(ख) श्री कृष्ण जन्माष्टमी– श्रावण २९ गते सोमबार– एक दिन।

(ग) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवस– पौष २७ गते शुक्रबार– एक दिन।

(घ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवस– फाल्गुण ७ गते मङ्गलबार– एक दिन।

(ङ) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस– पौष १ गते आइतबार– एक दिन।

११. हाजिर हुने र छुट्ने समयः

मन्त्रालय तथा कार्यालय समयको हकमा मार्ग, पौष र माघ तीन (३) महिना (शुक्रबार बाहेक) बिहान १० बजे हाजिर भै बेलुकी ४ बजे छुट्ने र बाँकी नौ (९) महिना बिहान १० बजे हाजिर भै बेलुकी ५ बजे छुट्नेछ। उपर्युक्त बिदा नतोकिएको दिनको सालभरिको प्रत्येक शुक्रबारको हकमा बिहान १० बजे हाजिर भै बेलुकी ३ बजे छुट्नेछ।

१२. निम्नलिखित उत्सव समारोहमा उपस्थितिको निमित्त तोकिएको दिन, स्थान र समयमा सूचना बमोजिम गर्नेः

(क) श्री ५ महाराजाधिराज सरकारको शुभजन्मोत्सवमा उपस्थित हुने।

(ख) श्री ५ महाराजाधिराज सरकारबाट वसन्त श्रवण गरिबक्सने दिन उपस्थित हुने।

(ग) श्री ५ महाराजाधिराज सरकारका बाहुलीबाट टीका बक्स हुने दिन उपस्थित हुने।

(घ) श्री ५ बडामहारानी सरकारको शुभजन्मोत्सवमा उपस्थित हुने।

(ङ) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्मजयन्तीमा उपस्थित हुने।

(च) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसमा उपस्थित हुने।

(छ) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसमा उपस्थित हुने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) बडादशैं, फुलपातीको दिन उपस्थित हुने ।

(झ) महाशिवरात्रिको बढाइँमा उपस्थित हुने ।

(ञ) घोडेजात्राको समारोहमा उपस्थित हुने ।

१३. श्रावण २२ गते सोमबार चन्द्रग्रहण–आधा दिन बिदा ।
(यसवर्ष ग्रस्तोदय चन्द्रग्रहण परेकोले पञ्चाङ्ग निर्णायक समितिको सिफारिश अनुसार उत्तरार्ध समय बिदा दिने व्यवस्था गरिएको ) ।

१४. रोजाना काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तै– अस्पताल, रोपवे, टेलिफोन, प्रहरी थाना, चौकी, फायर ब्रिगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकार मुद्रण तथा प्रकाशन विभाग, आकाशवाणी र हुलाक समेतमा माथि लेखिएबमोजिम बिदा पाउनेमा काम काज रोक्न नहुने उपर्युक्त कार्यालयहरूका निमित्त सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानूनबमोजिम रीत पुर्‍याएर मात्र बिदा बस्न पाइनेछ ।

द्रष्टव्य:

आधा दिन भन्नाले मार्ग, पौष र माघ तीन (३) महिनाका निमित्त दिनको१.०० बजेसम्म र बाँकी नौ (९) महिनाका दिनको १.३० बजेसम्म सम्झनु पर्दछ ।

## सूचना २

श्री ५ को सरकारको मिति २०४६।१०।३ को निर्णय अनुसार संयुक्त राष्ट्र-संघ महासभाको मिति ११ डिसेम्बर १९८७ को निर्णय नं. ए ४२।१६९ बमोजिम सन् १९९० को दशकलाई दैवी प्रकोप न्यूनीकरण अन्तर्राष्ट्रिय दशक (International Decade For Natural Disaster Reduction IDNDR) को रूपमा मनाउन देहायबमोजिमको राष्ट्रिय समिति गठन गरिएको छ ।

| | |
|---|---|
| क) गृह मन्त्रालयको कार्यभार सम्हाल्नु हुने माननीय मन्त्री वा राज्यमन्त्री | – अध्यक्ष |
| ख) श्री माननीय सभापति पञ्चायत समिति राष्ट्रिय पञ्चायत | – सदस्य |
| ग) श्री सदस्य पञ्चायत नीति तथा जाँचबुझ समिति | " |
| घ) श्री सभापति नेपाल युवक संगठन केन्द्रीय समिति | " |
| ङ) श्री गभर्नर नेपाल राष्ट्र बैंक | " |
| च) श्री उपकुलपति त्रिभुवन विश्वविद्यालय | " |
| छ) श्री उपकुलपति नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान | " |
| ज) श्री सचिव गृह मन्त्रालय | " |
| झ) श्री सचिव परराष्ट्र मन्त्रालय | " |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ञ) श्री सचिव जलस्रोत मन्त्रालय —सदस्य
ट) श्री सचिव शिक्षा तथा संस्कृति मन्त्रालय "
ठ) श्री सचिव आवास तथा भौतिक योजना मन्त्रालय "
ड) श्री सचिव स्वास्थ्य मन्त्रालय "
ढ) श्री सचिव वन तथा भू-संरक्षण मन्त्रालय "
ण) श्री सचिव अर्थ मन्त्रालय "
त) श्री सचिव श्रम तथा सामाजिक कल्याण मन्त्रालय "
थ) श्री सचिव पञ्चायत तथा स्थानीय विकास मन्त्रालय "
द) श्री सचिव निर्माण तथा यातायात मन्त्रालय "
ध) श्री सचिव सञ्चार मन्त्रालय "
न) श्री उपरथी शाही नेपाली जंगी अड्डा "
प) श्री प्रहरी महानिरीक्षक प्रहरी प्रधान कार्यालय "
फ) श्री डिन त्रि. वि. वि. इन्जिनियरिङ अध्ययन संस्थान "
ब) श्री शंकरनाथ रिमाल नेपाल इन्जिनियरस् एसोसिएसन "
भ) श्री हेमन्त मिश्र श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष "
म) श्री सी. के. शर्मा जल तथा शक्ति आयोग "
य) श्री प्रतिनिधि नेपाल रेडक्रस सोसाइटी केन्द्रीय समिति "
र) श्री प्रतिनिधि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् "
ल) श्री प्रतिनिधि नेपाल स्काउट "
व) श्री महानिर्देशक आवास तथा शहरी विकास विभाग "

आज्ञाले,
योगेन्द्रनाथ ओझा
श्री ५ को सरकारको का. मु. सचिव

## राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

श्री ५ महाराजाधिराज सरकारबाट श्री रुद्रबहादुर के. सी. लाई यस सचिवालयको प्राविधिक सेवा, रा. प. अ. प्रथम श्रेणीको माइक सञ्चालक पदबाट यसै सचिवालयको इन्जिनियरिङ्ग सेवा, इलेक्ट्रिकल इन्जिनियरिङ्ग समूहको राजपत्राङ्कित तृतीय श्रेणीको प्राविधिक अधिकृत पदमा पदोन्नति गरी दिन हुकुम बक्स भएकोले मिति २०४६।४।१७ देखि इन्जिनियरिङ्ग सेवा, इलेक्ट्रिकल इन्जिनियरिङ्ग समूह, राजपत्राङ्कित तृतीय श्रेणीको प्राविधिक अधिकृत पदमा बढुवा हुनुभएको छ।

आज्ञाले,
जीवनलाल सत्याल
राष्ट्रिय पञ्चायतको सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५९